राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठसँग अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) का नेपालका लागि प्रतिनिधि Geert Almekinders को नेतृत्वमा आएको सात सदस्यीय प्रतिनिधि मण्डलले पौष २९ गते उहाँकै कार्यकक्षमा शिष्टाचार भेट गर्‍यो । उक्त भेटको अवसरमा माननीय उपाध्यक्ष डा. श्रेष्ठले नेपालको हालको आर्थिक अवस्था, पूँजिगत खर्चको अवस्था, ठूला आयोजनाहरुको कार्यान्वयनको अवस्था र राष्ट्रिय योजना आयोगले योजना कार्यान्वयनलाई प्रभावकारी तुल्याउन पछिल्लो समयमा चालेका कदम बारेमा प्रकाश पार्नु भएको थियो । सो अवसरमा राष्ट्रिय योजना आयोगबाट हालसालै पारित गरिएको चौधौं योजनाका प्रमुख विशेषताहरु, आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमको तयारी लगायतका विषयमा समेत छलफल गरिएको थियो । सो भेटको अवसरमा आयोगका माननीय सदस्य डा. स्वर्णीम वाग्लेको समेत सहभागिता थियो ।

तस्विरहरु:




PREMIUM


PREMIUM